# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असार ११ गते, २०८० साल (संख्या १४

## भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना १

नेपाल सरकारले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कसूरको शुरु कारबाही र किनारा गर्ने क्षेत्राधिकार तोक्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लिखित कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न खण्ड ५७, सङ्ख्या ५१, मिति २०६४।१२।२५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम सूचना प्रविधि न्यायाधिकरण गठन नहुँदासम्मको लागि काठमाडौं जिल्ला अदालतलाई तोकिएकोमा अब उप्रान्त आफ्नो प्रादेशिक इलाका भित्र घटेका त्यस्तो कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न सो ऐनको दफा ६० को उपदफा (५) बमोजिम सबै जिल्ला अदालतलाई तोक्ने,

(ख) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्ने तर हाल काठमाडौं जिल्ला अदालतमा दायर भई छिन्न बाँकी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कसूर सम्बन्धी मुद्दा सम्बन्धित जिल्ला अदालतमा सार्ने,

(ग) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्ने तर काठमाडौं जिल्ला अदालतबाट कारबाही र किनारा भइसकेका मुद्दा, ती मुद्दासँग सम्बन्धित मिसिल, प्रमाण तथा अन्य अभिलेखहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने,

(घ) खण्ड ५७, सङ्ख्या ५१, मिति २०६४।१२।२५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लेख भए बमोजिमको कसूरहरुको शुरु कारबाही र किनारा गर्ने क्षेत्राधिकार काठमाडौं जिल्ला अदालतलाई तोकेको सम्बन्धी सूचना खारेज गर्ने।

## सूचना २

नेपाल सरकारले बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको मुद्दा दायर गर्ने प्रयोजनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि अदालत तोक्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा दायर गर्ने प्रयोजनको लागि खण्ड ५९, सङ्ख्या १४, मिति २०६६।०४।०५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम उच्च अदालतमा रहेको वाणिज्य इजलासलाई तोकिएकोमा अब उप्रान्त आफ्नो इलाका भित्रको सो ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको कसूरमा मुद्दा दायर गर्ने प्रयोजनको लागि सोही ऐनको दफा १७ को उपदफा (१) बमोजिम सबै जिल्ला अदालतलाई तोक्ने,

(ख) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकारभित्र पर्ने तर सम्बन्धित उच्च अदालत अन्तर्गत रहेका वाणिज्य इजलासमा दायर भई छिन्न बाँकी रहेका बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको कसूर सम्बन्धी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने,

(ग) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकारभित्र पर्ने तर सम्बन्धित उच्च अदालत अन्तर्गत रहेका वाणिज्य इजलासबाट कारबाही र किनारा भइसकेका मुद्दा, ती मुद्दासँग सम्बन्धित मिसिल, प्रमाण तथा अन्य अभिलेखहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने ।

## सूचना ३

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण, काठमाडौंको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजस्व सदस्य पदमा अर्थ मन्त्रालयका उपसचिव श्री टंक नाथ पौडेललाई मिति २०८०।०३।१० को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**धनराज ज्ञवाली**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।